# कोल्हवी नगरपालिका कार्यालय

कोल्हवी, बारा,

२ नं. प्रदेश, नेपाल

## सार्वजनिक संरचना मर्मत संभार सेवा शुल्क ठेक्का सम्बन्धि

## सिलवन्दी बोलपत्र फारम

बोलपत्र फारम नं      न्युनतम कबोल अकं : ८,००,००१।-      आर्थिक बर्ष : २०७४/०७५

स्थान : कोल्हवी नगरपालिका

अवधी : २०७४ पुस १ देखि २०७५ असाढ मसान्त सम्म ( ७ महिना को लागि )

कोल्हवी नगरपालिका कार्यालयका मिति २०७४/०८/०४ मा प्रथम पटक प्रकाशित सूचनामा उल्लेखित तथा यसै साथ संलग्न सम्पूर्ण शर्तहरुको पालना गर्न मंजुर भई तपसिल बमोजिमको कबोलित अङ्क खुलाई यो बोलपत्र फारम पेश गरेको छु।

| क्र सं | विवरण | कबोल अकं | | कैफियत |
|---|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा | |
| १ | आ.व. २०७४/२०७५ को सार्वजनिक संरचना मर्मत संभार सेवा शुल्क ठेक्का | | | |

सिलवन्दी फारम पेश गर्नेको :-

नाम :-

दस्तखत :      ठेगाना :-

मोबाईल नम्बर :      मिति :

---

# कोल्हवी नगरपालिका कार्यालय

कोल्हवी, बारा।

## सार्वजनिक संरचना मर्मत संभार सेवा शुल्क उठाउने बैठकी दररेट

| क्र.सं. | विवरण | २०७४।०७५ को दररेट |
|---|---|---|
| १ | बस,ट्रक | ५०।०० |
| २ | पराल बोक्ने ट्याक्टर | ५०।०० |
| ३ | आन्तरीक ढुङ्गा,गिटी,बालुवा बोक्ने ट्याक्टर | ५०।०० |
| ४ | टिपर ६ चक्के | ८०।०० |
| ५ | टिपर १० चक्के | १००।०० |
| ६ | टिपर १२ चक्के | १५०।०० |
| ७ | टिपर १२ चक्के भन्दा माथि | २००।०० |

भरत बहादुर भण्डारी
नगर प्रमुख

Scanned by CamScanner

कोल्हवी नगरपालिका कार्यालय
कोल्हवी, बारा ।

**Kolhavi MUNICIPALITY OFFICE**
**Kolhavi, Bara**

फोन ०५३-४१०११८

# शर्तहरु

१. मिति २०७४।०८।१८ गते भित्र कार्यालय समय भित्र रु. १,०००। एक हजार तिरी पछि फिर्ता नहुने गरी बोलपत्र खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र खरिददाता नेपाली नागरिक वा इजाजत प्राप्त संघ संस्था हुनूपर्नेछ ।

३. खरिद गर्नु भएको बोलपत्र फाराममा आफ्नो नाम, ठेगाना, कवोल गरेको अकं र अक्षर प्रप्ट लेखी सिलबन्दी गरी मिति २०७४।०८।१९ गते दिनको १२:०० (बाह्र) बजे भित्र यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । सो दर्ता हुन आएको सिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० बजेपछि सम्बन्धीत कार्यालयको प्रतिनिधीको रोहबरमा खोलिनेछ । उक्त सिलबन्दी बोलपत्रपत्र खोल्ने समयमा सिलबन्दी बोलपत्र दाताको उपस्थिती नरहेको खण्डमा सिलबन्दी बोलपत्र खोल्नमा बाधा हुनेछैन ।

४. सिलबन्दी बोलपत्र साथ आफूले कवोल गरेको अकंको ५ प्रतिशतले हूने धरौटी रकम यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य कलैया शाखामा रहेको धरौटी खाता नम्बर १२६०३०३००७१०३ धरौटीमा जम्मा गरेको प्रमाण वा इजाजत प्राप्त वित्तिय संस्थाले जारी गरेको ९० दिन अवधि भएको बोलकवोल जमानी पत्र पेश गर्नू पर्ने छ । बोलपत्र साथ पेश भएको नगद लाई मान्यता दिइने छैन ।

५. सार्वजनिक संरचना मर्मत संभार सेवा शुल्क ठेक्काको अवधि आ.व.०७४।०७५ अर्थात २०७४ साल पूस १ देखि २०७५ साल आषाढ मसान्त सम्म महिना ७ (सात) को लागी मात्र हूनेछ ।

६. सार्वजनिक संरचना मर्मत संभार सेवा शुल्क ठेक्काको न्यनतम कवोल डाक अंक निम्न वजारको निम्न बमोजिम हूनेछ ।

   ० कोल्हवी न.पा क्षेत्र भित्र : ८,००,००१।०० ( आठ लाख एक रुपैया ) मात्र हूनेछ ।

७. कोल्हवी नगरपालिकाले तोकेको दर रेट भन्दा बढी रकम असूल गर्न पाईने छैन ।

८. सार्वजनिक संरचना मर्मत संभार सेवा शुल्क ठेक्कामा लिए वापत नियम अनूसार लाग्ने कर, दस्तूर, शूल्क ठेकेदारले स्वयं आफूले वूझाउनू पर्ने छ ।

९. सार्वजनिक संरचना मर्मत संभार सेवा शुल्क उठाउन तोकिइको दररेटको साईन बोर्ड लेखाई ठेक्का स्थलमा ठेकेदारले स्वयं राख्नू पर्ने छ ।

१०. सार्वजनिक संरचना मर्मत संभार सेवा शुल्क उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई सो रसिद कोल्हवी नगरपालिका कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नू पर्ने छ ।

११. ठेक्काको स्वीकृत रकम को प्रथम किस्ता संझौताका वखत तथा बांकी २ किस्ता प्रत्येक ४ महिनाको फरक भित्र वूझाई सक्नू पर्ने छ साथै संझौताका वखत बांकी २ किस्ताको बैक जमानी समेत पेश गर्नू पर्ने छ ।

१२. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिन भित्र संझौता गर्नू पर्नेछ । तोकिएको म्याद भित्र संझौता गर्न नआएमा वा दाखिला गर्नू पर्ने रकम दाखिला नगरेमा धरौटी रकम जफत गरिने छ ।

१३. स्वीकृत ठेक्काको कवोल अनूसारको रकम एकमूष्ट बूझाएमा औचित्य हेरी बढिमा १० प्रतिशत सम्म छूट दिन सकिनेछ ।

१४. माथी लेखिएका सम्पूर्ण शर्तहरु सोही अनूसार हुनेछ र यदी छूट भएको भएमा छूट भएका जतिमात्र प्रचलित ऐन, कानून बमोजिम हुनेछ साथै ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

भरत बहादुर भण्डारी
नगर प्रमुख

Scanned by CamScanner